नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सूचना व्यवस्थापन शाखा

सिंहदरवार, काठमाडौं

फोन: ४२११९०३, ४२११०७९

प.स. २०७५/०७६

च.नं. 9632

मितिः-२०७५/१०/०६

**बिषय : अनुदान रकम फिर्ता गरेकाहरुको विवरण उपलव्ध गराईदिनु हुन ।**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थान तथा स्थानीय पूर्वाधार),
सबै ३१ जिल्ला।

उपर्युक्त सम्बन्धमा २०७५ भाद्र २१ गते सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको बैठकले तपशिल अनुसारका भूकम्प पिडितहरुले बुझेको निजी आवास पुनर्निर्माण अनुदान रकम फिर्ता गराउने निर्णय गरेकोमा २०७५/०६/१५ मा यस्ता भूकम्प पिडीतहरुलाई निजले बुझेको अनुदान रकम पहिलोपटक सूचना प्रकाशित मितिले तीन महिना भित्रमा सम्बन्धित कार्यालयमा फिर्ता गर्नुहुन भनी सार्वजनिक गरिएको यहाँहरुलाई अवगत नै छ ।

- भूकम्पबाट क्षतीग्रस्त भएको घर वाहेक सोही स्थान वा नेपालभर अन्य कुनै स्थानमा वस्नयोग्य घर भएका व्यक्तिहरुले झुठा विवरण पेश गरी निजी आवास पुनर्निर्माण अनुदान लिएको भएमा तीन महिना भित्रमा आफुले लिएको अनुदान रकम फिर्ता गर्नु हुन अनुरोध छ। अन्यथा भूकम्प पीडितबाट निजहरुले लिएको अनुदान रकम सरकारी बाँकीसरह असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।
- कुनै भूकम्प पीडितहरुले एक भन्दा बढी ठाउँबाट निजी आवास पुनर्निर्माण अनुदान लिएको भएमा एक ठाउँबाट बुझेको बाहेक अन्य सबै ठाउँबाट बुझेको अनुदान रकम फिर्ता गर्नु हुन सबैमा अनुरोध गरिन्छ । अन्यथा एक भन्दा बढी ठाउँबाट बुझेको प्रमाणित भएमा निजहरुबाट अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

उपरोक्त सूचना अनुसारको तीन महिनाको म्याद २०७५ पौष १५ मा समाप्त भईसकेको सन्दर्भमा यस सूचना अनुसार र पहिले गरी त्यस जिल्लामा अनुदान रकम फिर्ता गरेका लाभग्राहीहरुको विवरण यथाशक्य छिटो माध्यमबाट यस कार्यालयमा उपलव्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

10.06

मनोहर घिमिरे
(उपसचिव )

**अवगतार्थ तथा बोधार्थः**

१. श्रीमान् प्रमुख कार्यकारी अधिकृतको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।
२. श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।
३. श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थान तथा स्थानीय पूर्वाधार), ज्वागल ललितपुर : जिल्ला स्थित कार्यालयहरुलाई जानकारी गराई विवरण उपलव्ध गराई दिनु हुन ।

Scanned by CamScanner